# संसदभित्र विधि निर्माणको प्रभावकारिता



वीरेन्द्रबहादुर कार्की ✍

**सारांश**

*राज्यका लागि आवश्यक कानून बनाउने मूल थलो संसद हो । कानूनको प्रभावकारी कार्यान्वियनको लागि राम्रो कानूनको निर्माण पहिलो शर्त हो । राम्रो कानून निर्माणको लागि संसदभित्र हुने विधि निर्माणसम्बन्धी कार्यहरू प्रभावकारी हुन जरूरी छ । सरल एवं सुस्पष्ट व्यवस्थापन कार्यविधि, चुस्त किसिमको संरचनागत व्यवस्था, विधि निर्माणकर्ताहरूको क्षमता, दक्ष जनशक्ति, सरकारको समन्वय तथा सहयोगजस्ता पक्षहरूले विधि निर्माणमा प्रत्यक्ष भूमिका खेलेको हुन्छ । संसदमा विधेयक दर्ता हुनुपूर्व सरोकारवालहरूसँगको छलफल र संसदमा दर्ता भएपछि जनताको राय सुझाव लिनुका साथै संसदमा हुने सैद्धान्तिक र दफावार छलफल गर्ने कार्यलाई सरकार र संसदले बढीभन्दा बढी व्यवस्थित र प्रभावकारी बनाइएमा कार्यान्वियनयोग्य कानून निर्माणको अपेक्षा गर्न सकिन्छ । यस लेखमा विधि निर्माणका विभिन्न चरणहरूलाई प्रकावकारी र व्यवस्थित बनाउने उपायहरूको बारेमा चर्चा गरिएको छ ।*

## पृष्ठभूमि

सरकारका तीन अङ्गहरूमध्ये संसदले विधि अर्थात् कानून निर्माण गर्ने अधिकारको प्रयोग गर्दछ । संसारका सबै प्रजातान्त्रिक मुलुकमा संसदले नै कानून बनाउँछ । संसदले बनाएका कानूनलाई कार्यपालिकाले कार्यान्वयन गर्दछ र न्यायपालिकाले संविधानबमोजिम कानून बने, नबनेको हेर्ने काम गर्दछ ।

वर्तमान संवैधानिक व्यवस्था अनुसार हाम्रो देशमा संघीय कानून संघीय संसदले बनाउँछ भने प्रादेशिक कानूनहरू प्रदेश सभाले बनाउँछ । यस्तै स्थानीय सरकारका कानूनहरू स्थानीय निकायहरू नगरसभा/गाउँसभाले बनाउने अधिकार पाएका छन् । संसदभित्र विधि निर्माण प्रक्रियामा मूलतः

✍ पूर्व सचिव, संघीय संसद सचिवालय

यसका विषयगत समितिहरू क्रियाशील रहन्छन् । विधि निर्माण प्रक्रिया अत्यन्त प्रभावकारी हुनु नितान्त आवश्यक छ । यसको लागि संसद सचिवालयमा विधेयक दर्ता भएदेखि पारित नहुन्जेलसम्म हुने विभिन्न प्रक्रियाहरू, ती प्रक्रियामा संलग्न निकाय र पदाधिकारीहरूको सुझबुझ र सक्रियताले अहम् भूमिका निर्वाह गर्दछ ।

**विधि निर्माण प्रभावकारी हुनको लागि ध्यान दिनु पर्ने पक्ष**

नेपालको संवैधानिक व्यवस्था अनुसार सरकारले विधेयकको तर्जुमा गर्ने र त्यसलाई संसदले आवश्यक परिमार्जनसहित पारित गरी कानून निर्माण प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ । नेपालको कानून निर्माण प्रक्रियाका विभिन्न चरण र ती चरणहरूमा हुने प्रमुख कार्यलाई प्रभावकारी बनाउनको लागि देहायका विषयहरूमा ध्यान दिनुपर्ने देखिन्छः-

**१. विधेयकको सूची**

विधि व्यवस्थापनलाई व्यवस्थित गर्नलाई सहयोग पुऱ्याउने पहिलो र महत्त्वपूर्ण तरिका विधेयकको सूची पहिले नै निश्चित गरिनु हो । प्रत्येक अधिवेशन सुरु हुनुपूर्व सम्बन्धित मन्त्रालयहरूले आगामी अधिवेशनमा दर्ता गरिने विधेयक यकिन गर्नुपर्छ । यसरी यकीन भएको विधेयकको सूची संसद सचिवालयमा समयमै प्राप्त भएमा संसद सचिवालयले ती विधेयकहरूलाई हेरी कति समयमा दुवै सदनबाट पारित हुन सक्छन्, अनुमान गर्न सक्छ । त्यसै अनुसार कार्यक्रम बनाउँछ, संसदका पदाधिकारी सदस्यहरूलाई आगामी विधेयकको बारेमा जानकारी हुन्छ र तयारी गर्न पनि सजिलो हुन्छ । साथै सम्बन्धित मन्त्री पनि विधेयक छलफलका लागि तयारी रहन सहयोग पुग्दछ । फलतः विधेयकको कार्यसूचीले संसदभित्र विधि निर्माणको प्रक्रिया गुणस्तर बनाउन ठूलो मद्दत पुऱ्याउन सक्ने कुरामा दुईमत रहँदैन ।

**२. विधेयक दर्ता**

सचिवालयमा विधेयक प्राप्त भएपछि ती विधेयकहरूलाई विधिवत् रूपमा दर्ता गरिन्छ । दर्ता गर्दा धेरै कुरामा ध्यान दिनुपर्छ । खासगरी विधेयक कुन उद्देश्य पूर्ति गर्न ल्याउन लागिएको हो, विधेयक पारित भई कार्यान्वयनमा लैजादा राज्यलाई कति आर्थिक व्ययभार पर्ने हो, साथै त्यो विधेयकमा प्रत्यायोजित व्यवस्थापन अर्थात् नियम बनाउन पाउने नपाउने विषयमा सरकारले अधिकार प्राप्त गर्ने प्रावधान छ, छैन, यदि छ भने त्यसको कारण, प्रकृति, सीमा र त्यसको प्रभावको बारेमा टिप्पणी गरिएको छ, छैन भनी दर्ता गर्नुपूर्व राम्ररी हेरिनु पर्दछ । यसरी नहेरेमा र ती उल्लेखित व्यवस्थाहरू राम्ररी नपुष्टिएको अवस्थामा विधेयकको पूर्णता त रहँदैन नै साथसाथै त्यसमाथि गुणस्तरीय

छलफलसमेत हुन सक्दैन । किनकि उपयुक्त विषयवस्तुहरू स्पष्ट नभएको अवस्थामा विधेयकमाथि सैद्धान्तिक छलफल सार्थक रहन सक्दैन । साथसाथै छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ नै राम्ररी आउन सक्दैन ।

### ३. विधेयकको वितरण

दर्ता भएको विधेयक सांसदहरूलाई अध्ययनको लागि वितरण गर्नुपर्छ । वितरण कि त संदीय दलमार्फत् हुन सक्छ वा सांसदको पिजनहोलमार्फत् । सवभन्दा महत्त्वपूर्ण कुरा वितरण भएको विधेयक सांसदको हातहातमा पुगको कुरा सुनिश्चित हुनु पर्दछ । किनकि सांसदहरूले विधेयक नै पाएनन् भने त्यसमाथि के छलफल गर्ने ? विधेयक सांसदले पाए, तर अध्ययन भएन भने पनि त्यो पाएको कुनै अर्थ रहँदैन । तसर्थ आफूले पाएको विधेयकलाई प्रत्येक सांसदले गहन अध्ययन गर्नु पर्छ । अध्ययन गर्दा विधेयकका कतिपय विषयवस्तु अष्पष्ट भएमा सचिवालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्दछ । साथसाथै विधेयक अध्ययन गर्न पर्याप्त समय दिन आवश्यक छ भने सचिवालयमा आई अध्ययन गर्न चाहने सांसदलाई पुस्तकालयमा उपयुक्त वातावरणको व्यवस्था मिलाइदिनु पनि त्यत्तिकै आवश्यक छ ।

### ४. विधेयकमाथि जनताको प्रतिक्रिया

लोकतान्त्रिक ऐन निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिन नियमावलीमा विधेयकमाथि जनताको प्रतिक्रिया लिनसक्ने प्रावधान राखिएको हो । जनतासँग प्रत्यक्ष सरोकार राख्ने ऐन बनाइँदैछ भने त्यस सम्बन्धमा जनमत के छ, विधेयक र यसको प्रावधानबारे जनताको के धारणा छ ?, के सुझाव छ ?, जस्ता विषयहरू ग्रहण गरी बनाएको ऐन नै प्रभावकारी हुने हुँदा यसलाई जनताले पनि अपनत्व लिन्छन् र त्यस्ता ऐनहरू कार्यान्वयन पनि सहजै हुन्छन् । हाम्रो संसदीय इतिहासमा कतिपय ऐनहरू बने पनि ती कार्यान्वयनमा नरहेको अवस्था पनि छ, उदाहरणको लागि सामाजिक व्यवहार सुधार ऐनलाई लिन सकिन्छ । संसदीय प्रक्रियामा जनताको प्रतिक्रिया लिने प्रावधान भए पनि त्यसरी प्रतिक्रिया लिने प्रचलन अत्यन्त नगन्य छ । अदालतको अवहेलनासम्बन्धी विधेयकमा अहिलेसम्म पहिलोपटक जनताको प्रतिक्रिया लिने निर्णय लिएको पाइन्छ । तर त्यो पनि जनताको प्रतिक्रियासहित छलफल हुने चरणमै रोकिएको अवस्था छ । गुठी विधेयक सरकारले ल्यायो तर चर्को जनदबाबले त्यसलाई फिर्ता लिन सरकार बाध्य भयो । यदि यस विधेयकमा जनताको प्रतिक्रिया लिएर अगाडि वढेको भए यो अवस्था आउने थिएन । साथै, विधेयकमाथि संशोधन पेश गर्ने पयाप्त समय पनि आवश्यक छ ।

## ५. विधेयकमाथि सैद्धान्तिक छलफल

विधेयक सदनसमक्ष प्रस्तुत भएपछि बसेको कुनै पनि बैठकमा सम्बन्धित विधेयक प्रस्तुतकर्ता सदस्यले उक्त विधेयकमाथि जनताको प्रतिक्रिया आवश्यक छ भनी जनताको लागि प्रचार गरियोस् वा सदनमा सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव गरिन्छ । सदनमा सैद्धान्तिक छलफल गरिएमा विधेयकको दफादफामा छलफल नभई उक्त विधेयक कुन उद्देश्यले ल्याइयो, यो विधेयक आवश्यक थियो थिएन, आसय के हो, यो पारित भएपछि कुन क्षेत्रमा के फाइदा वा बेफाइदा हुन्छ भन्ने विषयमा वा विधेयकमा निहीत सैद्धान्तिक पक्षमा मात्र छलफल हुने गर्दछ । अन्त्यमा सम्बन्धित मन्त्रीले सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिएपछि विधेयकमाथि सैद्धान्तिक छलफल (विचार गरियोस्) भन्ने प्रस्तावलाई सम्बन्धित सभाका प्रमुखबाट निर्णयार्थ प्रस्तुत गरिन्छ ।

## ६. विधेयकमाथि दफावार छलफल

सैद्धान्तिक छलफल सकिएपछि ७२ घण्टा संशोधनको म्याद दिइन्छ र विधेयकमाथि सशोधनको म्याद समाप्त भएपछि त्यसमाथि दफावार छलफल हुन्छ । हिजोआज कतिपय विधेयकमाथि सिधै सदनमै छलफल गर्ने गराउने प्रचलन बढेर गएको छ । विधेयक गुणस्तरीय बनाउने हो भने यो राम्रो प्रचलन होइन । खास गरेर ती विधेयकलाई चाँडै पारित गराउन वा समितिमा लैजादा बढी विवाद उत्पन्न हुन सक्ने महशुस गरेर सिधै सदनमा दफावार छलफल गराई पारित गर्ने प्रक्रियाले विधि निर्माणलाई कमजोर बनाउँछ । यसले सम्बन्धित समितिको क्षेत्राधिकारलाई समेत कटौती गर्दछ । सदनको छलफलको क्रममा सांसदले दिएका राम्रा सुझावलाई समेत समेटन गाह्रो हुन्छ भने सम्बन्धित मन्त्रीले आफू आफ्ना नजिकका निश्चित सरोकारवालालाई लागेका सुझावहरू मात्र समेटी विधेयक पारित हुने सम्भावना समेत रहन्छ । तसर्थ विधेयकलाई सकेसम्म सम्बन्धित समितिमै पठाई दफावार छलफल गर्नु अति आवश्यक छ । समितिमा प्रत्येक सांसदले आफ्ना भनाइ, संशोधनहरू राम्ररी राख्न सक्ने, निजको राय परामर्श सुन्न, बुझ्न र स्वीकार गर्न सकिने, सम्बन्धित मन्त्रालयका पदाधिकारीले संशोधनको सम्बन्धमा आफ्नो धारणा राख्न सक्ने साथै विधेयकले प्रभाव पार्ने समूहका प्रतिनिधिलाई समेत समितिमा आमन्त्रण गरी उनीहरूको सरोकार बुझ्न सकिने हुन्छ । यसले गर्दा विधेयक परिपक्व, व्यवहारिक र कार्यान्वयनयोग्य बन्न पुग्छ । सबैले विधेयकलाई अपनत्व पनि लिन पुग्छन् । यसैगरी समितिमा विधेयक छलफल गर्दा नयाँ विधेयक भएमा संशोधन आएका विषय मात्र नभई पूरै दफा र अनुसूचीलाई छलफलको लागि खुल्ला गरिनु पनि त्यत्तिकै आवश्यक छ । किनकि कतिपय दफाहरूमा सांसदको ध्यान नपुगी संशोधन छुटेको पनि हुन सक्छ, यदि त्यस्तो भएमा सबै दफामा छलफल हुँदा त्यस्ता छुटाउनै नहुने कुरा पछि जानकारी भएमा त्यसलाई सम्बोधन गरी विधेयकलाई पूर्णता दिन सकिन्छ ।

**विधि निर्माणको प्रभावकारितालाई असर पार्ने विषयहरू**

विधि निर्माण कार्य कुनै एउटा संस्था वा कुनै एउटा व्यक्तिको संलग्नतामा सम्पन्न हुँदैन । त्यही भएर विधि निर्माणलाई धेरै कुराले असर पार्दछ, जसलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः-

**१. अध्ययनशील सांसद**

विधेयकका विभिन्न चरणको छलफलमा भाग लिने, त्यसलाई संशोधन गर्ने, पारित गर्ने सम्पूर्ण जिम्मेवारी सांसदकै हो । तसर्थ, एकजना सांसदले सदनमा आएको विधेयकलाई कसरी बुझेको छ, त्यसमा त्यो विधेयकको परिस्करण निर्भर रहन्छ । सांसदले विधेयक कुन उद्देश्य पूर्तिको लागि ल्याइँदैछ र त्यो अनुरूप विधेयकले प्रावधान राखेको छ कि छैन, विधेयकको आर्थिक दायित्व के कति छ, त्यो व्यहोर्न भविष्यसम्म सरकार सक्षम हुन्छ हुँदैन, विधेयकले प्रत्यायोजित व्यवस्थापन बारेमा कस्तो व्यवस्था गरेको छ, यी आदि विषयमा सांसदले राम्ररी जानिसकेपछि मात्र त्यस विधेयकमाथि हुने सैद्धान्तिक छलफलमा बहस गर्न सक्छ, आफ्ना सुझावहरू राख्न सक्छ, संशोधनहरू राख्न सक्छ । तसर्थ विधि निर्माणलाई गुणस्तरीय बनाउने पहिलो शर्त नै सांसदको त्यस विधेयकमाथिको बुझाइ हो । विधेयक पढ्दै नपढेपछि बुझ्दै नबुझेपछि के छलफल गर्नु ?, के सुझाव दिनु ?, विधेयक कसरी परिमार्जन गर्नु ?, तसर्थ विधेयकमाथि सांसदको अध्ययन विधि निर्माणलाई प्रभाव पार्ने प्रमुख र कारक तत्त्वमध्ये एक हो भन्न सकिन्छ ।

**२. संसदीय पदाधिकारीहरूको भूमिका**

संसदभित्र विधि निर्माणलाई प्रभावकारी बनाउने अर्को महत्त्वपूर्ण पक्ष संसदीय पदाधिकारीहरू हुन् । सम्बन्धित दलका सचेतकहरूले आ–आफ्नो दलका सांसदलाई विधेयकको बारेमा कति सावधान गराएका छन्, तिनलाई बोल्न कति उत्प्रेरित गराएका छन्, समय कति उपलब्ध गराएका छन्, संशोधनहरू राख्न कति उत्प्रेरणा दिएका छन् भन्ने विषय, सचेतकका भूमिका, त्यस्तै संसदीय दल र त्यस दलका नेताले विधेयक परिमार्जन गर्न गरेको प्रयत्न, संसदका सभामुख, अध्यक्षलगायतका पदाधिकारीहरूले खेल्ने भूमिकाले पनि विधि निर्माणलाई ठूलो प्रभाव पार्ने गर्दछ ।

**सम्बन्धित मन्त्रालयको सहयोग**

सम्बन्धित मन्त्रालयले नै आफ्नो अधिकार क्षेत्रभित्रका विधेयकहरू ल्याएको हुन्छ । तसर्थ, त्यस विधेयकको मनसाय र मर्म पनि त्यही मन्त्रालयले राम्ररी बुझेको हुन्छ । त्यसैले आफूले ल्याएको विधेयकको मर्म बुझाउने मुख्य दायित्व सम्बन्धित मन्त्रालयका मन्त्री, सचिव, कानूनका अधिकारीलगायत मन्त्रालयका पदाधिकारीहरूमा रहन्छ । उहाँहरूले जति राम्ररी विधेयकको बारेमा सांसदलाई बुझाउन सक्नु भयो र सांसदले पनि जति राम्ररी बुझ्न सके त्यति नै राम्ररी विधि निर्माण हुन सक्छ । खासगरी संसदमा हुने छलफल, समितिको बैठकमा हुने छलफलमा मन्त्री/सचिवहरूको सहयोग अत्यन्त अपरिहार्य र महत्त्वपूर्ण मानिन्छ । सम्बन्धित मन्त्रीले अग्रसरता नदेखाउने हो भने कतिपय विधेयक त सचिवालयमा दर्ता भएर पनि अगाडि बढ्न नसकेका धेरै उदाहरणहरू छन् ।

### ३. संसद सचिवालय

वास्तवमा सचिवालय संसद र सांसदकै लागि स्थापना भएको निकाय हो । यसभित्रका महाशाखा, शाखा र तिनमा काम गर्ने कर्मचारी एकातिर दक्ष र प्रभावकारी हुनु त्यतिकै आवश्यक छ भने सचिवालयको भरपूर सदुपयोग पनि सांसदहरूबाट हुनु पर्दछ । खास गरेर विधि निर्माणलाई प्रभावकारी बनाउने सिलसिलामा संसदीय पुस्तकालयको अधिकतम उपयोग हुनुपर्छ । त्यहाँ सांसदले खोजेको सन्दर्भ सामग्री पाउनु पर्छ, बसेर शान्त वातावरणमा अध्ययन गर्ने सुविधा पाउनु पर्छ ।

यसैगरी समिति जहाँ विधेयकको दफावार छलफल हुन्छ, त्यहाँको भौतिक संरचना, खासगरी सिटिङ ऐरेन्जमेन्ट, माइक, रेकर्डिङ, मिनी पुस्तकालय, त्यहाँ कार्यरत समिति सचिव र अन्तर्गत कर्मचारीको दक्षता आदिले विधेयक परिमार्जनमा ठूलो भूमिका खेलिरहेको हुन्छ । विधेयक दर्तादेखि प्रमाणीकरण हुने समयसम्म संलग्न रहने विधेयक शाखाको भूमिका पनि त्यत्तिकै महत्त्व रहन्छ ।

### ४. दोस्रो सदनको भूमिका

सघीय संसदमा दुई सदनको व्यवस्था रहनुको मुख्य अभिप्राय नै एक सदनले हतारमा वा अपरिपक्व ढङ्गले विधेयक पारित गऱ्यो भने त्यसलाई अर्को सदनले समय लगाएर परिपक्व ढङ्गले परिमार्जन गर्न सकोस् भन्ने उद्देश्य रहेको छ । खासगरी माथिल्लो सदन अर्थात् राष्ट्रिय सभालाई त्यसैले परिपक्व सदन पनि भनिन्छ । तल्लो सदनबाट भएका विधेयकमाथिको कमी कमजोरीलाई माथिल्लो सदनले सुधार्नु पर्दछ र माथिल्लो सदनले दिएको व्यवहारिक सुझावलाई तल्लो सदनले पनि विनाहिचकिचाहट स्वीकार गर्नु पर्दछ । यसो भएमा जनपयोगी र व्यवहारिक विधेयकहरू देशले पाउन सक्छ ।

### ५. आम सञ्चारको भूमिका

विधेयकको प्रत्येक चरणमा के छलफल भयो, त्यसलाई जनसमक्ष लैजाने र त्यसमा जनताको प्रतिक्रिया कस्तो रहन्छ, त्यसलाई सांसद समक्ष पुऱ्याउने सशक्त माध्यम नै आमसञ्चार हो । यसको क्रियाशील भूमिकाले विधि निर्माणलाई प्रवभावकारी बनाउन सक्छ । तर, संसदीय विषयमा रिपोर्टिङ गर्ने पत्रकारहरू पनि परिपक्व, संसदीय प्रक्रिया राम्ररी बुझेको, आलोचनाभन्दा सकारात्मक विषयलाई प्रोत्साहन गर्ने खालको हुनु त्यत्तिकै आवश्यक हुन्छ ।

### सुझावहरू

संघीय संसदको विधि निमर्माण प्रक्रिया एवं कार्यविधि र क्रियाकलापहरूलाई दृष्टिगत गर्दा देहायबमोजिमका कार्यहरू गरेमा विधि निर्माण प्रक्रिया अझ प्रभावकारी हुन सक्ने देखिन्छः-

- प्रत्येक दलका सचेतकले आ-आफ्नो सांसदलाई विधेयक अध्ययन गरेर मात्र बोल्न प्रोत्साहन गर्नु आवश्यक छ ।
- संसदीय पत्रकारहरूलाई संसदीय प्रक्रियाको बारेमा बेलाबखत तालीम दिनु आवश्यक छ ।
- सांसदलाई विधि निर्माणको बारेमा बेलाबखत प्रशिक्षण दिनु आवश्यक छ ।
- प्रत्येक मन्त्रालयमा संसद र संसदीय प्रक्रिया हेर्ने अलग्गै शाखा/महाशाखा हुनु आवश्यक छ ।
- प्रत्येक विधेयक सचिवालयमा दर्ता हुनासाथ र पारित भइसकेपछि त्यसको मुख्यमुख्य विषयका बारेमा प्रचार प्रसार हुनु पर्दछ ।
- सचिवालयको भौतिक पूर्वाधार, दक्ष कर्मचारी र व्यवस्थित पुस्तकालय एवं समिति हल हुनु आवश्यक छ ।
- सचिवालयको सुदृढीकरण गर्नुपर्ने, खासगरी विधेयक शाखा, समिति सचिवालय, कार्यव्यवस्था शाखालाई बढी प्राथमिकता साथ साधन स्रोत एवं सिपयुक्त र प्रविधियुक्त बनाइनु पर्दछ ।

**निष्कर्ष**

विधि निर्माण प्रक्रिया संसदले सम्पादन गर्ने सबभन्दा प्राथमिकतायुक्त र ज्यादै महत्त्वपूर्ण कार्य हो । यो कार्य जति प्रभावकारी बन्न सक्यो, त्यति संसदको इज्जत र मर्यादा बढ्छ । संसदको प्रभावकारिताका साथै देशले राम्रो कानून पाउन सक्छ । यसको लागि विधि निर्माणका प्रत्येक चरणमा केही सुधार गर्नु अति आवश्यक छ । सुधार गर्दा खासगरी विधि निर्माणलाई के कस्ता कुराले प्रभाव पार्दछ भनी बुझेर दिएका सुझावहरू अनुसार कार्य हुन सके निश्चय नै विधि निर्माणको गुणस्तरमा सकारात्मक प्रभाव पार्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

**सन्दर्भ सामग्री**


नेपालको संविधान (२०७२)

प्रतिनिधि सभा नियमावली, २०७५

राष्ट्रिय सभा नियमावली, २०७५

कार्की, वीरेन्द्रबहादुर, हाम्रो संसद।